

# जेनिन बेकी

# मैले सके जति येशु देखाउँदै

**जेनिन बेकी** एक पेशेवर फुटबल *(सकर)* खेलाडी हुन् जसले क्यानडाली महिला राष्ट्रिय टोलीको लागि खेल्छिन्। संयुक्त राज्य अमेरिका र क्यानडाको दोहोरो नागरिकता भएकी, जेनिन अमेरिकाको कोलोराडोमा जन्मेकी थिइन् तर अहिले क्यानडामा बस्छिन्। उनी *2016* को रियो डे जेनेरियो ओलम्पिकमा कास्य पदक जित्ने क्यानडाली टोलीको सदस्य थिइन्, जहाँ उनले तीन गोल गरेर एउटा खेल बाहेक सबै सुरुवात गरिन्।

AP फोटोहरू / क्रिस कार्ल्सन, एन्डी जोन्सन

सबैभन्दा मनपर्ने पद:

## “तर जसले परमप्रभुमाथि भरोसा गर्दछ उनीहरूमा थप मजबुती प्राप्त हुन्छ। अनि चीलहरू जस्तै आकासिन्छन्; ती मानिसहरू दुर्बल नभई दगुर्छन्, ती मानिसहरू थकित नभई हिँड्छन्।” — यशैया 40:31



2015 विश्व कपमा सहभागी हुने टोलीमा छानिन मैले धेरै त्याग गरेँ। त्यस वर्षको सुरुमै मैले आफ्नो देश, आफ्नो परिवार र साथीहरू अनि आफ्नो स्कूल छोडेको थिएँ। मैले प्रतिस्पर्धाको लागि तयारी र प्रशिक्षणमा असङ्ख्य घण्टा बिताएको थिएँ, तर एक जना अर्की केटीसँग, म विश्वकपभन्दा अघि टोलीबाट बाहिरिने अन्तिम प्रतिस्पर्धी बनेँ। मैले सँगै प्रशिक्षण लिएको टोलीलाई विश्व कपमा क्यानडाको प्रतिनिधित्व गर्दै गरेको आफ्नो सोफामा बसेर हेरेँ।

म चर्चमा हुर्केको र किशोरावस्थामा आफ्नो जीवन ख्रिष्टलाई अर्पण गरिसकेको भए पनि, म अझै ख्रिष्टको अनुयायी हुनु भनेको के हो भनेर पत्ता लगाउन खोजिरहेकी थिएँ। मलाई आफ्नो खेलबाट मेरो पहिचान अलग गर्न गाह्रो भइरहेको थियो। जब तपाईं यति धेरै समयसम्म एकै कुरामा केन्द्रित हुनुहुन्छ — खाने, सुत्ने, अभ्यास गर्ने र फेरि यही सब — फेरि यो नगरेर बस्न गाह्रो हुन्छ। त्यसमाथि, म एक भिन्न शहरमा थिएँ जहाँ कुनै निकट साथीभाइ वा परिवारजन थिएनन्। त्यति बेला मैले परमेश्वर र उहाँमाथिको विश्वासमा अझ बढी भरोसा राख्नुपर्ने थियो, तर मैले त्यसो गरिन। त्यसैले, जब म रोस्टरबाट निकालिएँ, म विक्षिप्त भएँ।

तर येशु ख्रिष्ट प्रतिको मेरो विश्वासको कारण मलाई थाहा थियो, त्यही अन्त्य होइन। मेरो कथा त्यसरी लेखिनु थिएन। आज म बुझ्छु, परमेश्वरसँग मेरा लागि अर्को अवसर थियो। अर्को वर्ष मैले 2016 को रियो ओलम्पिकमा क्यानडाको प्रतिनिधित्व गर्ने टोलीमा छानिएँ, जहाँ हामीले कास्य पदक जित्यौं!

मैले मसँग भएको प्रतिभा वरदानको रूपमा पाएको छु र म आफूले सक्दो राम्रो हुने गर्दछु। परमेश्वरको प्रक्रियामा विश्वास गर्न र उहाँले मलाई प्रदान गर्नुभएको क्षमता विकास गर्न दृढ भएर, मैले उहाँलाई मेरो हृदय र क्यारियरमा कार्य गर्नुभएको देखेको छु।

2015 को विश्व कप टोलीबाट हटाइनुमा मैले सिकेको सबैभन्दा ठूलो पाठ भनेको नम्रता थियो। मलाई आमाबुबाले म र हामी छोराछोरीलाई नम्र खेलाडी बन्न सिकाउँदै हुर्काउनुभयो। मलाई विश्वास छ, ख्रिष्टका हरेक अनुयायीहरूको ठूलो भूमिका हामी जति सक्दो येशु जस्तो देखिनु हुन्छ। जब म आफूले निर्णय गर्नुपर्ने अवस्थामा पुग्छु, म आफैँलाई सोध्ने प्रयास गर्दछु, “म आफ्नो टोली वा आफ्ना प्रशिक्षकलाई दिन कस्तो स्थायी छाप बनाउन चाहन्छु?”

म चाहन्छु, अरूले मलाई मैदानमा मेहनती र कठोर हुनुको साथसाथै दयालु, करुणामय र महान साथीको रूपमा याद गरून्। मलाई लाग्थ्यो, ती दुई कुराहरू एकसाथ रहन सक्दैनन् — मैदानमा कठोर कार्य गर्ने र मैदान बाहिर दयालु स्वभाव देखाउने — तर मलाई थाहा छ, परमेश्वरले मलाई एक उद्देश्यको लागि प्रतिस्पर्धी आत्मा दिनुभएको छ। तपाईं प्रतिस्पर्धी नभई खेलमा धेरै सफल बन्न सक्नुहुन्न।

म एक खेलाडीको रूपमा सफल हुँदै र अझ बढी ट्रफीहरू जित्दै जाँदा, मेरो प्लेटफर्म बढ्दै जानेछ र अझ धेरै व्यक्तिहरूले ध्यान दिनेछन्। म सकेसम्म धेरै मानिसहरूलाई मैले सकेसम्म आफूमा येशु देखाउन चाहन्छु।

मेरो मनपर्ने पद यशैया 40:31 हो, जसले यसो भन्छ, “तर जसले परमप्रभुमाथि भरोसा गर्दछ उनीहरूमा थप मजबुती प्राप्त हुन्छ। अनि चीलहरू जस्तै आकासिन्छन्; ती मानिसहरू दुर्बल नभई दगुर्छन्, ती मानिसहरू थकित नभई हिँड्छन्।” मलाई यो पद मनपर्छ किनभने यो मेरो लागि महत्त्वपूर्ण सम्झाउनी हो कि मैले सबैकुरा आफ्नै शक्तिले गर्नुपर्दैन। म येशुमा आफ्नो शक्ति प्राप्त गर्न सक्छु। यो एक सम्झाउनी हो कि म परमेश्वरको बालक हुँ — यो हामी उहाँको अनुयायीको रूपमा अझ बढी सचेत हुनुपर्ने विषय हो। जब हामी जवाफ फेला पार्न सक्दैनौं वा हामीमा पर्याप्त शक्ति हुँदैन, हामी पिता भए ठाउँमा पुग्न सक्छौं र उहाँले नवीकरण गरिदिनुहुन्छ।



क्या न डा